मंगला गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : ४ बाबियाचौर म्याग्दी संख्या:५ मिति : २०७८ साल जेठ २६**

भाग-२

मंगला गाउँपालिका

## "मंगला गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कार्यविधी, २०७८"

### प्रस्तावना

मंगला गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन गर्न, खारेजी तथा व्यवसायहरुको बर्गीकरण गरी व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५८ तथा मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ४ बमोजिम मंगला गाउँपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१

**प्रारम्भिकः-**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम "मंगला गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कार्यविधी, २०७८" रहनेछ ।

(ख) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका सम्झनुपर्छ ।
(ख) "अध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।
(ग) "उपाध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस मंगला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ङ) "कार्यालय"भन्नाले यस मंगला गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।
(च) "शाखा" भन्नाले यस मंगला गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्छ ।
(छ) "वडा कार्यालय" भन्नालेयस मंगला गाउँपालिका अन्तर्गतका पाँच वटै वडा कार्यालयहरु सम्झनु पर्छ ।
(ज) "कार्यपालिका सदस्य" भन्नाले यस मंगला गाउँपालिकाको सदस्यहरूलाई सम्झनु पर्छ ।
(झ) "वडा समिति" भन्नाले यस मंगला गाउँपालिकाको वडाका समितिहरू सम्झनु पर्छ ।
(ञ) "वडाध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।
(ट) "व्यवसायी" भन्नाले यस मंगला गाउँपालिका भित्र ठेगाना भई दर्ता रहेका व्यवासाय गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।
(ठ) "कार्यविधि" भन्नाले मंगला गाउँपालिकाले स्वीकृत गरेको मंगला गाउँपालिका व्यवसाय दर्ता सम्वन्धी कार्यविधि-२०७८ सम्झनु पर्छ ।

**३. व्यावसाय दर्ता नगरी सञ्चाल गर्न नहुनेः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने दफा ४ बमोजिमका विषयगत क्षेत्रका व्यवसायहरु गाउँपालिकामा तोकेबमोजिमको कार्यप्रक्रिया पूरा गरी अनिवार्य रुपमा दर्ता गर्नुपर्नेछ ।

(२) कुनै पनि व्यक्ति वा संस्थाले गाउँपालिकामा दर्ता नगरिकन व्यावसाय सञ्चालन गर्न पाइनेछैन ।

**४. व्यवसायको विषयगत क्षेत्रः-** गाउँपालिकाले सञचालन भएका व्यवसायहरुलाई निम्नानुसारको विषयगत क्षेत्रमा छुट्टाउनेछः

| | | |
|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ विक्रेता (खाद्यान्न, तरकारी तथा फलफुल समेत) | |
| | क) भ्याट समेतको कारोवार गर्ने ठूला किराना खाद्यान्न तरकारी पसल | |
| | ख) सानो कारोवार गर्ने ठूला किराना खाद्यान्न तरकारी पसल | |
| | ग) डेरी पसल | |
| २ | हार्डवयर एण्ड सप्लायर्स | |
| ३ | कपडा पसल | |
| ४ | गहना (ज्वैलरी) पसल | |
| ५ | इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स सामाग्री पसल | |
| ६ | मोवाइल विक्री तथा मर्मत पसल | |
| ७ | कम्प्युटर टाइपिङ प्रिन्ट तथा फोटोकपी फोटोग्राफी इन्टरनेट सेवा | |
| ८ | पेट्रोल/डिजेल पम्प तथा ग्याँस | |
| ९ | मदिरा (रक्सी जन्य) तथा सूर्तीजन्य व्यवसाय | |
| ११ | होटेल, रेष्टुरा, रिसोर्ट | |
| १२ | घरेलु तथा उद्योग | |
| १३ | सवारी साधन बिक्रि केन्द्र | |
| १४ | सवारी साधन मर्मत ग्यारेज | |
| १५ | कृषि पशु तथा वन्यजन्य उद्योग व्यवसाय | |
| | क) वन पैदावारमा आधारित उद्योग तथा व्यवसाय | |
| १६ | ख) कृषि तथा पशु आधारित उद्योग व्यवसायमा | |
| १७ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण घ वर्गको निर्माण व्यवसायमा | |
| १८ | खनिज उद्योग | |
| | क) खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | |
| १९ | स्वास्थ्य सेवा दिने क्लिनिक तथा ल्याव | |
| २० | सञ्चार सेवा | |
| | क) मोवाइल, इन्टरनेट टि.भी. को टावर | |
| | ख) निजी क्षेत्रको हुलाक कुरियर सेवा | |
| २१ | शिक्षा सेवा | |
| | क) निजी क्षेत्रका स्कुल | |
| | ख) तालिम तथा प्रशिक्षण केन्द्र | |
| | ग) पुस्तक पसल | |
| २२ | वित्तीय सेवा | |
| | क) वाणिज्य बैंक | |

| | | |
|---|---|---|
| | ख) वित्तिय संस्था | |
| | ग) लघुवित्त कम्पनी | |
| २३ | घ) सहकारी | |
| २४ | अन्य सेवा | |
| | क) ब्युटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | |
| | ख) साइन बोर्ड स्टयाम्प आदिबनाउने पेन्टिङ्ग सेवा | |
| | ग) मासु बिक्रेता | |
| | घ) फुल र विरूवा बिक्रेता | |
| | ङ) भाँडाकुँडा बिक्रेता | |
| | च) स्टील, काठ, फर्निचर बिक्रेता | |
| | छ) कुटानी, पिसानी र पेलानी मिल | |

## परिच्छेद-२

## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

**५. व्यवसाय दर्ताः** (१) घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभागमा दर्ता भई गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरु यस मंगला गाउँपालिकको वडा कार्यालयमा दर्ता गर्नुपर्ने छ।

(२) गाउँपालिकाले यो कार्यविधि लागु भएपछि व्यवसायीहरुलाई दर्ता गर्नको लागि सूचना आव्हान गर्नेछ ।

(३) सूचना जारी भएपश्चात सो समयावधिमा सम्वन्धित वडा कार्यालयमा गई व्यवसाय दर्ताको लागि निम्नानुसारको प्रमाणित कागजातहरु समावेश गरी अनुसूची १ बमोजिमको ढाचाँमा निवेदन दिनुपर्ने छः

(क) सम्वन्धित ठाउँमा दर्ता गरेको व्यावसाय दर्ता प्रमाणपत्र (नविकरण भएको हुनुपर्ने) प्रतिलिपी

(ख) VAT र PAN दर्ता प्रमाणपत्र प्रतिलिपी

(ग)करचुक्ता प्रमाणपत्र प्रतिलिपी

(घ) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ङ)व्यवासायको वार्षिक कारोवार खुल्ने प्रमाणित कागजात

(च) व्यवसाय सञ्चालन भएको घर वा जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी

(छ) भाडामा व्यावसाय सञ्चालन भएको भए सम्झौतापत्रको प्रतिलीपी

(ज) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र

(४) उपदफा (३) बमोजिमका कागजात राखी व्यवसाय दर्ताको लागि निवेदन प्राप्त भएमा वडा सचिवले जाँचबुझ गरी अनुसूची ३ बमोजिमको ढाँचामा व्यावसाय दर्ता प्रमाणपत्र जारी गर्नेछ ।

**६. वडा कार्यालयमा नयाँ व्यवसाय दर्ता गर्न सक्नेः** (१) गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले नयाँ घरेलु तथा लघु उद्यम, साना व्यवसाय दर्ता गर्न चाहेमा देहायका कागजातहरू सहित अनुसूची-२ बमोजिमको ढाँचामा वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछः

(क) हालसालै खिचेको २ प्रति फोटो

(ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ग) उद्यम, व्यवसाय वा फर्म सञ्चालन हुने घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(घ) भाडाको घर वा जग्गामा सञ्चालन गर्ने भएमा सम्झौतापत्रको प्रतलिपी

(ङ) समाजलाई असर पर्न सक्ने प्रकृतिका उद्यम, व्यवसाय वा फर्मको लागि सँधियार तथा टोल छिमेकीहरूको समेत मञ्जुरीनामा

(च) अनुसूची ४ बमोजिमको उद्यम, व्यवसाय वा फर्म सञ्चालन प्रस्तावना

(छ) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र

(२) व्यवसाय दर्ताको लागि उपदफा (१) बमोजिमका कागजात सहित पेश भएको निवेदन उपर छनविन गरी सम्बन्धीत वडाको वडा सचिवले अनुसूची-४ बमोजिमको ढाँचाको टिप्पणी सहित स्वीकृतीको लागि वडाध्यक्ष समक्ष पेश गर्नेछ ।

(३) यसरी पेश भएको कागजात उपर छानवीन गरी वडाध्यक्षबाट स्वीकृत हुनेछ। स्वीकृत भएपश्चात अभिलेख राखी वडा सचिवले अनुसूची ३ बमोजिमको ढाँचामा व्यावसाय दर्ता प्रमाणपत्र जारी गर्नेछ ।

**७. भ्याट वा प्यानमा दर्ता हुनुपर्नेः** दफा ६ बमोजिम दर्ता भएका व्यावसायहरु आन्तरिक राजस्व कार्यालयबाट कारोवार अनुसार भ्याट वा प्यान प्रमाणपत्र लिई सोको प्रतिलिपी वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

**८. व्यवसाय नविकरण सम्बन्धी व्यवस्थाः-** (१) दफा (५) र (६) बमोजिम दर्ता भई प्रदान गरिएको व्यावसाय दर्ता प्रमाणपत्र दफा १२ बमोजिम वन्द/खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्था बाहेक प्रत्येक आर्थिक वर्षको अन्त्य भएपछिको मितिले ३ मिहना भित्र तोके बमोजिमको दस्तुर तिरी अनुसूची ३ बमोजिमको फारम भरी निम्म कागजात सहित सम्वन्धित वडा कार्यालयबाट नविकरण गर्नुपर्नेछ ।

(क) दर्ता भएको निकायबाट नविकरण भएको दर्ता प्रमाणपत्र प्रतिलिपी

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र प्रतिलिपी

(ग)अघिल्लो आर्थिक वर्षको आर्थिक कारोवार खुल्ने प्रमाणित कागजात

(घ) जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी

(ङ)भाडाको घरजग्गामा व्यवसाय सञ्चालन भएमा घर/जग्गाधनीले भाडा बुझे वापतको कर तिरेको रसिदको प्रतिलिपी

कुनै व्यवसायीको करचुक्ता वा प्रमाणपत्र नविकरण हुन वाँकी भएमा पछि पेश गर्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(३) आर्थिक वर्ष समाप्ति भएको मितिले ३ महिनाभित्र नविकरण नगर्ने व्यवसायीले नविकरण मिति समाप्ती भएको मितिले ६ महिनाभित्र तोकेको शुल्कको ५० प्रतिशत थप दस्तुर तिरी नविकरण गर्नुपर्नेछ ।

**९. सहयोग गर्नुपर्नेः** (१) गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण, नियमन गर्न, खारेजी तथा व्यवसायहरुको बर्गीकरण गरी व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न उद्योग वाणिज्य संघ, सुरक्षा निकाय तथा अन्य सम्वन्धित निकायले सहयोग गर्नुपर्नेछ ।

**१०. अभिलेख व्यवस्थापन तथा प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ता तथा नविकरणका गरी सम्बन्धित वडा कार्यालयले अनुसूची-५, वमोजिमको ढाँचामा अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) वडा कार्यालयले व्यवसाय दर्ता तथा नविकरणको मासिक प्रगति विवरण अनुसूची-६ वमोजिमको ढाँचामा प्रत्येक महिनाको ७ गते भित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

**११. निरिक्षण गर्न सक्नेः** (१) यस गाउँपालिका भित्र व्यवसाय दर्ता तथा नविकरणको अभिलेख व्यवस्थापन र राजश्व संकलनका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शाखा वा कर्मचारीले निरक्षण गर्न सक्नेछ ।

**१२. व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः-**

(क) व्यवसाय दर्ता/नविकरण सम्बन्धी अनुसूची-४ बमोजिमको शुल्क/दस्तुर र दफा १७ बमोजिमको जरिवाना रकम राजस्व परामर्श समितिको सिफारिसमा गाउँ सभाले पुनरावलोकन गर्न सक्नेछ ।

(ख) चालु आ.व. २०७७।०७८ को हकमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइने छ ।

## परिच्छेद-३

## अनुगमन तथा कारबाही

**१३. व्यवसाय दर्ता प्रमाणपत्र र मूल्यसूची राख्नुपर्नेः**

प्रत्येक व्यवसायीले व्यवसाय दर्ता प्रमाणपत्र र मूल्यसूची, उपभोक्ताहरूले प्रस्टसँग देख्ने गरी राख्नुपर्नेछ ।

**१४. बजार अनुगमन सम्बन्धी व्यवस्थाः-**

(क) यस गाउँपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिने छ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाबाट जारी भएको बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ ।

**१५. कारवाही व्यवसाय बन्द तथा दर्ता खारेजी सम्बन्धी व्यवस्थाः-** (१) कुनै व्यवसायीले देहायका कार्य गरेको भनी वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन उजुरी प्राप्त भएमा वा अनुगमनको क्रममा अनुगमनकर्ताले पाएमा छानवीन गरी सो व्यवसाय वन्द गर्न, दर्ता खारेजी गर्न तथा सो कार्यका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(क) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरू बेचविखन गरेमा

(ग) कालोबजारी गरेमा

(घ) गुणस्तरहिन सामाग्रीहरू बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरू बेचविखन गरेमा

(२) उपदफा १ बमोजिमका कार्यहरु गरेको भनी निवेदन, उजुरी प्राप्त भएमा वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयले अनुगमन तथा छानवीन गरी सुधार गर्न वा नसियत दिन वा प्रचलित कानुन बमोजिम कारवाही जरिवाना गर्न वा दफा १३ बमोजिम जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिमको उजुरी वडा कार्यालयमा दिएकोमा सो सम्वन्धमा कुनै कारवाही भएमा वा कारवाही वारे चित्त नबुझेमा गाउँ कार्यापालिकाको कार्यालयमा निवेदन उजुरी दिन सकिनेछ ।

**१६. गाउँ कार्यपालिकाको कार्यालयको विशेषाधिकारः** गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका व्यवसायहरुको जुनसुकै वेला अनुगमन गर्ने, निवेदन उजुरी माथि छानविन गर्ने, वडा कार्यालयबाट भएको अनुगमन, छानवीन उपर गुनासो सुनी कारवाही अगाडि बढाउने, व्यावसायीसँग सम्वन्धित विषयहरुमा वडा कार्यालयलाई निर्देशन दिने विशेष अधिकार हुनेछ ।

**१७. कारबाही तथा जरिवाना सम्बन्धी व्यवस्थाः-**(१) कुनै व्यावसाय उपर निवेदन उजुरी आएमा वा बजार अनुगमन क्रममा देहायका अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना तुरुन्त गरिनेछ । यसरी गरिएको कारवाही स्वीकार नगर्ने वा जरिवाना नतिर्ने व्यावसायीलाई जरिवाना गर्ने, व्यवसाय वन्द गरिदिने, दर्ता खारेजी गरिदिने तथा सो कार्यका लागि सम्वन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

| **देहाय** | **जरिवाना** |
|---|---|
| (क)दोस्रो पटकको निर्देशनमा समेत मूल्यसूची नराखेमा | रू २०००।— |
| (ख)दोस्रो पटकको निर्देशनमा समेत प्रमाण-पत्र नराखेमा | रू १०००।— |
| (ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रू ३०००।— |
| (घ) गुणस्तरहीन सामाग्रीहरू बेचविखन गरेमा | रू ५,०००।— |
| (ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा | रू ५,०००।— |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा | रू ३,०००।— |
| (छ) कालो बजारी गरेमा | रु ५,०००। |

(ज) होटलमा प्रदुषित,फोहोर र गुणस्तरहीन खाद्य पदार्थ बेचविखन गरेमा रू ३,०००।—

(२) उपदफा (१) बमोजिम जरिवानामा परेका व्यवसायीले पुन सोही वा सोही प्रकृतिको गल्ती दोहोर्याएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४

## विविध

**१८. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः-** (१) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु संघ तथा प्रदेश कानुनसँग बाझिन गएमा वा कुनै बाधा अड्काउ आएमा गाउँ कार्यापालिकाको निर्णयानुसार हुनेछ ।

**१९. पूर्ण रुपमा लागु हुनेः** (१) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु संघ तथा प्रदेश कानुनसँग नबाझिएको हदसम्म वा अर्को कानुनले खारेज नभएसम्म पूर्ण रूपमा लागु हुनेछ ।

**अनुसूची-१**

**(दफा ६(१) संग सम्बन्धित)**

श्रीमान् वडा अध्यक्ष ज्यू,
........ वडा कार्यालय,
..............................., म्याग्दी ।

**<u>विषयः चालु रहेको व्यवसाय दर्ता गरी पाऊँ ।</u>**

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरी यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

**क) खुलाउनुपर्ने विवरण**

१. व्यावसायको नामः-
२. ठेगानाः-
३. व्यवसायको किसिमः- क) एकल/साझेदारी ख) व्यवसायको कारोवारः-
४. मालिक/साझेदार/संचालक मूख्य व्यक्तिको नामः-
५. कारोबारको मूख्य स्थानः-
६. दर्ता भएको निकायः-
७. दर्ता मितिः-
८. कुल पुँजीः- क) चालु पुँजीः- ख) स्थिर पुँजीः-
९ अघिल्लो आवको कुल कारोवारः- क) आयः- ख) व्ययः-
७. फोन नम्वरः- इमेलः-

**ख) अनिवार्य संलग्न हुर्नुपर्ने कागजातहरू**

(क) सम्वन्धित ठाउँमा दर्ता गरेको व्यावसाय दर्ता प्रमाणपत्र (नविकरण भएको हुनुपर्ने) प्रतिलिपी
(ख) VAT र PAN दर्ता प्रमाणपत्र प्रतिलिपी
(ग) करचुक्ता प्रमाणपत्र प्रतिलिपी
(घ) नागरिकता प्रमाण पत्रको प्रतिलिपी
(ङ) व्यवासायको वार्षिक कारोवार खुल्ने प्रमाणित कागजात
(च) व्यवसाय सञ्चालन भएको घर वा जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी
(छ) भाडामा व्यावसाय सञ्चालन भएको भए सम्झौतापत्रको प्रतिलीपी
(ज) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र

**<u>निवेदक</u>**
दस्तखतः-
नामः-
नागरिकता नं.-
ठेगानाः- मितिः-

**अनुसूची-२**

**(दफा ६(२) संग सम्बन्धित)**

श्रीमान् वडा अध्यक्ष ज्यू,
........ वडा कार्यालय,
..............................., म्याग्दी ।

<u>विषयः नयाँ व्यवसाय दर्ता गरी पाऊँ ।</u>

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्र मैले तपशिल अनुसारको उद्यम/व्यवसाय/फर्म सञ्चालन गर्न इच्छुक भएकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

**क) खुलाउनुपर्ने विवरण**

१. व्यावसायको नामः-
२. ठेगानाः-
३. व्यवसायको किसिमः- क) एकल/साझेदारी ख) व्यवसायको कारोवारः-
४. मालिक/साझेदार/संचालक मूख्य व्यक्तिको नामः-
५. कारोबारको मूख्य स्थानः-
६. कुल पुँजीः- क) चालु पुँजीः- ख) स्थिर पुँजीः-
७. फोन नम्वरः- इमेलः-

**ख) अनिवार्य संलग्न हुर्नुपर्ने कागजातहरू**

(क) हालसालै खिचेको २ प्रति फोटो
(ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी
(ग) उद्यम, व्यवसाय वा फर्म सञ्चालन हुने घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
(घ) भाडाको घर वा जग्गामा सञ्चालन गर्ने भएमा सम्झौतापत्रको प्रतलिपी
(ङ) समाजलाई असर पर्न सक्ने प्रकृतिका उद्यम, व्यवसाय वा फर्मको लागि सँधियार तथा टोल छिमेकीहरूको समेत मञ्जुरीनामा
(च) अनुसूची ४ बमोजिमको उद्यम, व्यवसाय वा फर्म सञ्चालन प्रस्तावना
(छ) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र

<u>निवेदक</u>
दस्तखतः-
नामः-
नागरिकता नं.-
ठेगानाः-
मितिः-

**अनुसूची-३**

**(दफा ८ संग सम्बन्धित)**

श्री वडा अध्यक्ष ज्यू,
........ वडा कार्यालय,
..............................., म्याग्दी ।

**विषयः व्यवसाय नविकरण गरी पाऊँ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय सञ्चालन नविरकण गर्न चाहेकोले नियमानुसार व्यवसाय नविकरण गरिदिनुहुन अनुरोध छ ।

**क) खुलाउनुपर्ने विवरण**

१. फर्म वा कम्पनीको नामः-
२. ठेगानाः-
३. कारोबार व्यवसायको किसिमः-
४. मालिक/साझेदार/संचालक मूख्य व्यक्तिको नामः-
५. कारोबारको मूख्य स्थानः-
६. पुँजी क) चालु पुँजीः- ख) स्थिर पुँजीः-
७. फोन नंमरः- इमेलः-

**ख) अनिवार्य संलग्न हुर्नुपर्ने कागजातहरू**

(क) दर्ता भएको निकायबाट नविकरण भएको दर्ता प्रमाणपत्र प्रतिलिपी
(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र प्रतिलिपी
(ग) अघिल्लो आर्थिक वर्षको आर्थिक कारोवार खुल्ने प्रमाणित कागजात
(घ) जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी
(ङ) भाडाको घरजग्गामा व्यवसाय सञ्चालन भएमा घर/जग्गाधनीले भाडा बुझे वापतको कर तिरेको रसिदको प्रतिलिपी

८. कुनै व्यवसायीको करचुक्ता वा प्रमाणपत्र नविकरण हुन बाँकी भएमा पछि पेश गर्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

निवेदक
दस्तखतः-
नामः-
नागरिकता नं.-
ठेगानाः-
मितिः-

## अनुसूची-४

## दफा ९(ख) सँग सम्बन्धित

## व्यवसाय दर्ता र नविकरण कर तथा शुल्कको दर (रूपैयाँमा)

| क्र.स. | व्यवसायको क्षेत्र | दर्ता शुल्क रु | नविकरण शुल्क रु |
|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ विक्रेता (खाद्यान्न, तरकारी तथा फलफुल समेत) | | |
| | घ) भ्याट समेतको कारोवार गर्ने ठूला किराना खाद्यान्न तरकारी पसल | ३००० | १००० |
| | ङ) सानो कारोवार गर्ने ठूला किराना खाद्यान्न तरकारी पसल | १००० | ५०० |
| | च) डेरी पसल | | |
| २ | ठूला व्यवसाय भएको हार्डवयर एण्ड सप्लायर्स | ५००० | १५०० |
| ३ | कपडा पसल | १००० | ५०० |
| ४ | गहना (ज्वैलरी) पसल | १००० | ५०० |
| ५ | इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स सामाग्री पसल | १००० | ५०० |
| ६ | कम्प्युटर टाइपिङ प्रिन्ट तथा फोटोकपी फोटोग्राफी इन्टरनेट सेवा | १००० | ५०० |
| ७ | पेट्रोल/डिजेल पम्प तथा ग्याँस | ३००० | १००० |
| ८ | मदिरा (रक्सी जन्य) तथा सूर्तीजन्य व्यवसाय | २००० | १००० |
| ९ | होटेल, रेष्टुरा, रिसोर्ट | | |
| | क) ठूला होटेल | ३००० | १००० |
| | ख) सामान्य चिया खाजा खुवाने होटेल | १००० | ५००० |
| ११ | घरेलु तथा साना उद्योग | | |
| | क) फर्निचर | २००० | १००० |
| | ख) वेत वाँस निगालो सामाग्री उद्योग | १००० | ५०० |
| | ग) धागो तथा कपडा बुनाइ उद्योग | १००० | ५०० |
| १२ | सवारी साधन बिक्रि केन्द्र | ३००० | १००० |
| १४ | कृषि पशु तथा वन्यजन्य व्यवसाय | | |
| | क) ठूला व्यावसायिक कृषि फर्म | २००० | १००० |
| | ख) साना व्यावसायिक कृषि फर्म | ५०० | २०० |
| | ग) पोल्ट्री फर्म | १००० | ५०० |
| | घ) ठूला भैसी बाख्रा फर्म | २००० | १००० |
| | ङ) साना भैसी बाख्रा फर्म | ५०० | २०० |
| १५ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण घ | ५००० | २५०० |

| | | | |
|---|---|---|---|
| | वर्गको निर्माण व्यवसायमा | | |
| १६ | खनिज उद्योग | | |
| | ख) खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | २००० | १००० |
| १७ | स्वास्थ्य सेवा दिने क्लिनिक तथा ल्याव | १००० | ५०० |
| १८ | सञ्चार सेवा | | |
| | क) मोवाइल, इन्टरनेट टि.भी. को टावर | ३००० | २००० |
| | ख) इन्टरनेट सेवा विस्तार वापत | २००० | १००० |
| | ग) निजी क्षेत्रको हुलाक कुरियर सेवा | १००० | ५०० |
| १९ | शिक्षा सेवा | | |
| | घ) निजी क्षेत्रका स्कुल | १००० | ५०० |
| | ङ) तालिम तथा प्रशिक्षण केन्द्र | ५०० | २०० |
| | च) पुस्तक पसल | ५०० | ३०० |
| २० | वित्तीय सेवा | | |
| | ङ) वाणिज्य बैंक | ३००० | २००० |
| | च) वित्तिय संस्था | २००० | १००० |
| | छ) लघुवित्त कम्पनी | २००० | १००० |
| | ज) सहकारी | २००० | १००० |
| २१ | अन्य सेवा | | |
| | ज) ब्युटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | १००० | ५०० |
| | झ) साइन बोर्ड स्टयाम्प आदिबनाउने पेन्टिङ्ग सेवा | ५०० | २०० |
| | ञ) मासु बिक्रेता | १००० | २०० |
| | ट) फुल र विरूवा बिक्रेता | ५०० | २०० |
| | ठ) भाँडाकुँडा बिक्रेता | १००० | ५०० |
| | ड) कुटानी, पिसानी र पेलानी मिल | ५०० | २०० |
| | ढ) पुस्तक पसल | | |

अनुसूची-५

दफा ५ र ६ सँग सम्बन्धित

मंगला गाउँपालिका

## ...... नं. वडा कार्यालय

........., म्याग्दी

गण्डकी प्रदेश, नेपाल

फोटो

## व्यवसाय दर्ता प्रमाण-पत्र

श्री ............................

.................................

तपाईलाई "मंगला गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कार्यविधि-२०७७" को दफा ५/६ बमोजिम यस वडा कार्यालयमा व्यावसाय दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| व्यवसायको नाम | | |
| व्यवसायको प्रकार | | |
| कुल पुँजी | | |
| | चालुः | स्थीरः |
| व्यवसाय सञ्चालन हुने स्थान | | |
| व्यवसाय दर्ता भएको अन्य निकाय | | |
| दर्ता मिति | | |

**प्रमाण-पत्र जारी गर्नेको**

सहीः-

नामः-

(कार्यालयको छाप) पदः-

मितिः-

## व्यावसाय नविकरण विवरण

| नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-६

दफा (१०) सँग सम्बन्धित

मंगला गाउँपालिका

...... नं. वडा कार्यालय

........., म्याग्दी

गण्डकी प्रदेश, नेपाल

**अभिलेखको ढाँचा**

| क्र.सं. | दर्ता नं. | व्यवसायको नाम र ठेगाना | दर्ता/नविकरण गरिएको मिति | रसिद नं. | रकम रू. | प्रोप्राइटरको नाम र मोवाईल नं. | फोटो | बहाल रहने अवधि | चालु पूँजी | स्थीर पूँजी | जम्मा पूँजी | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**आज्ञाले**

**मनोहर ढुङ्गाना**

**प्रमुख प्रशासकीय अधिकृत**